ग्रामीण स्वास्थ्य विकास परियोजनाले हासिल गरेका अनुभवहरुको संगालो

स्वास्थ्यका लागि सामुदायिक सशक्तिकरण

वर्ष १२ अंक ४० जुलाई २०१२

गर्भवती जोडीको तालिमले सुरक्षित मातृत्वमा ल्यायो परिवर्तन

ओखलढुङ्गा जिल्लामा सञ्चालन भएको गर्भवती जोडीको तालिमले समुदायमा निकै राम्रो प्रभाव पारेको छ । तालिममा गर्भवती महिलाले आफ्नो श्रीमान या श्रीमान् घरमा नभएको अवस्थामा सासुलाई लिएर सहभागि हुने गर्दछन् । यसरी श्रीमान् श्रीमती दुवैलाई तालिममा सहभागी गराए पछि घरमा श्रीमान्, सासु र परिवारका अन्य सदस्यहरुले गर्भवती महिलालाई काममा सहयोग गर्ने, पोषिलो खाना दिने, र हेरचाह गर्न थालेका छन् ।

घरमा कोही गर्भवती भए सुरक्षित रुपमा सुत्केरी गराउनका लागि आवश्यक पर्ने पूर्व तयारीहरु जस्तै: पैसा, यातायातका साधनको व्यवस्था, र कुन स्वास्थ्य संस्थामा लैजानै जस्ता विषयहरुमा ध्यान दिन थालिएको छ । गर्भवती महिलालाई श्रीमान्, सासु वा ससुराले गर्भजाँच गर्न स्वास्थ्य संस्थामा लिएर आउने उप-स्वास्थ्य चौकी विलन्दुकी अनमी लालीमाया सुनुवारले बताउनु भयो । वास्तवमै गर्भवती जोडीको तालिम पश्चात महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह निकै नै उत्साहित भएको उहाँको अनुभव छ ।

फलस्वरुप गएको ६ महिनामा ठूलाछापमा ९ जना, रामपुरमा १४ जना, श्रीचउरमा ११ जना ,गाम्नाङटारमा १४ जना, पोकलीमा १५ जना सुत्केरी भएका छन् । अन्य स्वास्थ्य संस्थाहरुमा पनि दक्ष स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य संस्थामै सुत्केरी गराउने क्रम बढ्दो छ ।

बढ्यो मेरो आत्मबल

म ववितां खतिवडा, मेरो घर ओखलढुंगाको माम्खा गाविस वडा नं. ८ मा पर्छ । मेरो पहिलो गर्भ भएकोले मलाई गर्भवती अवस्थामा जाँच गर्न जानु भनेर स्वयंसेविकाले पटकपटक सल्लाह दिए पनि म लाजले जान मान्दिनथें । मेरो घर पनि हेल्थपोष्टबाट निकै टाढा पर्दछ । हेल्थपोष्ट गएर आउँदा एक दिन माया मार्नु पर्ने हुन्छ । जसले गर्दा गर्भ अवस्थामा जाँच नै नगरी मेरो गर्भको अवधि नौ महिनाको पुगिसकेको थियो ।

एकदिन फेरि स्वयंसेविका मेरो घरमा आउनुभयो । उहाँले हामी सासुवुहारी र श्रीमानलाई हेल्थपोष्टमा तालिममा जान सल्लाह दिनु भयो । तर लाजले जाने आँट आएन । म जस्ता अरु महिलाहरु पनि आउने भन्ने थाहा पाएपछि भने अलिक ढुक्क भयो र म सासु र श्रीमानसँगै तालिममा सहभागि भएँ ।

तलिमका क्रममा गर्भवती अवस्थामा आइपर्नसक्ने खतरा र त्यसका लागि गनुपर्ने आवश्यक तयारीका बारेमा धेरै जान्ने मौका मिल्यो । गर्भवती महिलाको जीवन वँचाउन घरपरिवारको निकै ठूलो साथ चाहिने रहेछ भन्ने वारेमा छलफल भएपछि त मेरो सासुको पनि विचारमा पनि निकै परिवर्तन भएछ । तालिम लिए पछि त उहाँले पनि अव महिना पुग्दै आएको छ धेरै गह्रौं कामहरु गर्नु हुँदैन वुहारी भन्न थाल्नु भयो । सवैको मन परिवर्तन भएको देख्दा खुशी पनि लाग्यो ।

मलाइ सुत्केरी व्यथा लाग्नसाथ मेरो श्रीमानले अस्पताल लगि स्याहार सम्भार पनि गर्नुभयो । अस्पतालमा बच्चा जन्माउँदा धेरै सजिलो र सहयोग पाउनुको साथै ढुक्क पनि हुने रहेछ । घर फर्किंदा पैसा पनि पाउने रहेछ, यस्तो सेवा सुविधा हामी आमाहरुको जीवन सुरक्षाको लागि रहेछ भन्ने कुरा वल्ल तालिम पछि मैले राम्रो सँग बुझें । अव म हाम्रो गाउँमा सवैलाई मेरो अनुभव वाँडेर गर्भवती जाँच र सुत्केरी हुन स्वास्थ्य संस्थामा नै जानु पर्छ, लाजले गर्दा हामी आमाहरुको ज्यान र बच्चाको ज्यान जोखिममा पर्न सक्छ भन्ने सल्लाह दिनेछु ।

एकथुकी सुकी सयथुकी नदी :समुदायले बनायो नागदहमा प्रसूती केन्द्र

समुदायको सक्रिता बढेपछि रामेछापको नागदह गाविसको स्वास्थ्यस्थितिमा निकै सुधार आएको छ । गर्भवती महिलाहरुले भरपर्दो सेवा नपाएका कारण उनीहरुको जीवन जोखिममा पर्न थालेपछि त्यहाँका समुदायले हामी आफैबाट शुरु गर्नु पर्छ भन्ने आँट र हिम्मतका साथ व्यवस्थित प्रसूती केन्द्रका लागि पहल गर्ने निधो गरे । नभन्दै उनीहरुको सक्रियता र दृढनिश्चयका कारण नागदहमा प्रसूती केन्द्र सञ्चालनमा आएको छ ।

२४ घण्टे प्रसूती सेवाका लागि समुदायबाट उठेको रु ३१ हजार जिल्ला विकास समितिबाट प्राप्त रु.५४ हजार र जनश्रमदान जुटाइ २ वटा कोठा मर्मत संभार गरियो। समुदायको चासो र सक्रियता लाई मध्यनजर गदै ग्रामिण स्वास्थ्य विकास परियोजनाले पनि सिमेन्ट लगायत अत्यावश्यक उपकरणहरु उपलब्ध गरायो । यसका साथै परियोजनाको सहयोगमा स्वास्थ्य संस्थामा पिउने पानी र शौचालयको व्यवस्था समेत गरिएको छ । भौतिक पूर्वाधार तयार भए पछि गाविसबाटै एकजना अनमि को व्यवस्था समेत गरियो । र यसरी शुरु भयो नागदहमा २४ घण्टे प्रसुती सेवा ।

यस प्रसूती केन्द्रबाट प्रदान गरिने सेवालाई अझ बढि प्रभावकारी बनाउन आमा समूह सञ्जालका सदस्यहरु समेत सक्रिय भएर लागेका छन् । उनीहरुले संक्रमणबाट बचाउन आमालाई पेटिकोट र लूङ्गि, नवशिशुलाई कपडा लगिदिने व्यवस्था गरेका छन् । वडा वडा का लक्षित समुदायलाई तालिम दिएपछि सुरक्षित मातृत्वमा अझ थप सहयोग पुगेको छ । परिणामस्वरुप गएका वर्षहरुमा कोही पनि प्रसुती हुन नआउने यस स्वास्थ्य संस्थामा २०६८ पौष यता मात्रै झण्डै दुई दर्जन गर्भवती महिलाहरुले यहाँबाट प्रसूती सेवा लिएका छन् ।

प्रसूती केन्द्र स्थापनाको प्रसंगलाई स्मरण गर्दै स्वास्थ्य संस्थाका प्रमुख संजयकुमार साह काम त्यति सजिलो नभए पनि आमाहरुको

जीवन बँचाउनका लागि जस्तोसुकै चुनौतीहरु पनि सामना गर्नु पर्ने धारणा राख्नु हुन्छ । उहाँ भन्नु हुन्छ, “चुनौतीहरु झेल्नु नपरेको हैन तर नियमित प्रयास र समुदायको सहयोगमा सञ्चालन भएको सेवालाई प्रभावकारी र दिगो बनाउन अझ धेरै चिन्तित छु ।”

यसरी सुरक्षित मातृत्वको प्रर्बधन गर्न पाउँदा आफूहरुलाई पनि खुशी लागेको र अझै सक्रिय भएर लागि पर्ने यहाँ कार्यरत अनमीहरुको प्रतिवद्धता छ।

आफ्नो गाउँको स्वास्थ्यस्थिति सुधार गर्नका लागि परेको खण्डमा अन्य जुनसुकै सहयोग गर्न पनि पछि नपर्ने बताउनुहुन्छ गाविस सचिव पासाङ कुमार लामा । यस संस्थाबाट दिइने सेवालाई प्रभावकारी बनाउन प्रमुख भुमिका निर्वाह गर्नु हुने आस बहादुर तामाङ यहाँ अझै धेरै काम बाँकी रहेको र सो कामलाई निरन्तरता दिन सबैसँग हातमा हात मिलाइ अघि बढ्ने प्रण गर्नुहुन्छ । एक थुकि सुकि सय थुकि नदि भने झैं २४ घण्टे प्रसूती सेवा सञ्चालनमा ल्याएर गर्न चाह्यो भने जुन सुकै काम पनि सफल हुन्छ भन्ने उदाहरण नागदहले प्रस्तुत गरेको छ ।

गाउँमा नै सुत्केरी सेवाको व्यवस्था भएकोले ज्यान बच्यो

अकस्मात सुत्केरी ब्यथा लाग्यो । श्रीमान् र आफन्तको सहयोगमा मलाइ तुरुन्तै नजिकैको उप–स्वास्थ्य चौकीको प्रसूती केन्द्रमा लगियो । म निकै त्रसित भएको थिए । गत असोजको घटना झल्झली सम्झें, जुन घटनामा छिमेकी गाविस नर्मदेश्वरकी दिलमाया बोगटीको सुत्केरी हुदाँ धेरै रगत बगेर मृत्यु भएको थियो। कतै मेरो पनि त्यही हालत त हुने होइन भन्ने कता कता डर लागि रहेको थियो । ओखलढुङ्गाको बिलन्दु गाविस निवासी सरस्वती बयलकोटीले आफू प्रसूती हुँदाको घटना यसरी सम्झिनु हुन्छ ।

उप स्वास्थ्य चौकीको सबै व्यवस्था देखेर मन अलि ढुक्क भयो । आफूलाई अलि हलुका भएको महसुस गरें । गाउँकै स्वास्थ्य संस्थामा यति सजिलैसँग सुत्केरी हुन्छु भनेर मेलै सोचेकी थिइन । तालिम लिएका अनमीहरुको सहयताले मैले प्रसूतीकेन्द्रमा सजिलैसँग जुम्ल्याहा बच्चा जन्माएँ । यो संस्थामा सुत्केरी सेवा नभएको भए मेरो ज्यानका साथै मेरा दुई जना बच्चाको के हाल हुन्थ्यो, होला सोच्न पनि सक्दिनँ । शहरवजारकै अस्पतालमा गएर सुत्केरी गराएको जस्तो लाग्यो मलाइ त ।

पाँच पटकसम्म गर्भ खेर गएर छैठौ पटकमा जन्मेको एक्लो छोरा रे मेरो श्रीमान् । मेरो सासुको पालामा पनि यति राम्रो सेवा गाउँमा नै उपलब्ध भइदिएको भए कति राम्रो हुथ्यो होला । हाम्रो लागि भनेर यति धेरै सेवासुविधाहरु आफ्नै गाउँमा आएको देखेर खुशी लागेको छ । सबैले मेलै जस्तै गरि स्वास्थ्य संस्थामा नै आएर सुत्केरी हुने हो भने त ज्यानलाई त्यति धेरै खतरा पनि हुने थिएन होला ।

सेवामा समर्पित महिला स्वास्थ्य स्वयंसेवकहरू

स्वयंसेविका भन्नुहुन्छः जति चुनौती त्यतिनै सन्तुष्टी

ओखलढुंगा जिल्लाको कुइभीर गाविस वडा नं. २ की महिला स्वास्थ्य स्वयंसेविका, मेरो नाम लिला विश्वकर्मा हो । म यस सेवामा लागेको २०५८ साल देखि हो । तर म सजिलैसँग स्वयंसेविका बनेकी भने होइन । मेरो वडामा पनि थप एकजना महिला स्वयंसेविका थपिने कुरा थाहा पाएपछि मलाई पनि सेवा गर्न मन लाग्यो । तर म एक दलित महिला भएको कारण यसले के गर्न सक्छे र भन्ने धारणा राखी केही मानिसहरुले विभिन्न बाधा अड्चन गर्ने गर्थे । तै पनि पाँच कक्षा उत्तीर्ण गरी समुदाय सम्बन्धी ज्ञान समेत हासिल गरेकी हुनाले महिला दिदीबहिनीहरुको वडा भेलाले मलाई नै स्वयंसेविका छनौट गऱ्यो ।

सेवा गर्ने क्रममा पनि विभिन्न बाधा अड्चनहरु नआएका होइनन् । मलाई धेरैले तलब खाएर हामीलाई सिकाउन आउँछे भन्थे । कसैले यो आफू पनि बिग्री अरुलाई पनि बिगार्छे भन्ने गर्थे । यस्ता सानातिना कुराहरुमा ध्यान नदिई आफूले गरेको सेवालाई पवित्र मनका साथ निरन्तरता दिँदै गएँ । मैले पैसाको लोभले सेवा गरेकी होइन, पैसा भन्दा पनि समाजको सेवा ठूलो हो भनेर समुदायमा सम्झाउने गर्थें । स्वयंसेविकाका लागि सरकारले दिएको तालिमबाट सिकेको सीप र ज्ञान तथा स्वास्थ्य संस्थाका माशिका, ग्रास्वकाहरुबाट पाएको साथ सहयोगले मलाइ अगाडि बढ्न मद्धत गऱ्यो । अझै बढि त ग्रामीण स्वास्थ्य विकास परियोजनाले वडावडामा आमा समूह पुनर्गठन गरेपछि स्वास्थ्य सम्बन्धी धेरै कुरा सिक्ने मौका मिल्यो । परियोजनाको सहयोगमा मैले मातृशिशु सुरक्षा र गर्भवती अवस्थाको बारेमा थप तालिम लिने अवसर पाएँ । वास्तवमा अहिले त मेरो सेवालाई सबैले विश्वास गर्छन् । केहि परेमा मसँग आइ तुरुन्त राय सल्लाह लिन्छन । यसरी सेवा दिन पाउँदा मैले पैसाले किन्न नसक्ने सुख महशुस गरेकी छु ।

अझै पनि मेरो गाउँघरमा थुप्रै अप्ठ्यारा र चुनौतीहरु छन् । कुराहरु बुझाउँदा बुझाउँदै पनि कतिपय अवस्थामा बाधाअडचनहरु आउँछन् जसले कहिलेकाहिँ दुःखित् पनि बनाउँछ । यस्तै एउटा घटनाको याद आउँछ । हुन त मैले ती गर्भवतीलाई नियमित रुपमा आइरन चक्की खाने सल्लाह पनि दिएकै हुँ, तर उनको परिवारले आइरन खाँदा गर्भको बच्चा ठूलो हुने र जन्माउन गाह्रो हुने भनेर खान दिएनछन् । पछि बच्चा जन्मदाँ अपाङ्ग बच्चा जन्मिएछ । जसले गर्दा ती भर्खरकी सुत्केरी र मलाई समेत दुर्व्यवहार भयो, झैझगडा समेत भयो । तर पनि यस्तो झगडालाई समस्याको रुपमा नलिइकन स्वयंसेविकाको पवित्र भावनाका साथ सहजसँग काम गर्दै आएँ । जस्तोसुकै दुःख र चुनौतीभएता पनि आफ्नो कर्तव्यमा अडिग रहि तनमन र वचनले समाजसेवा गरिरहने वाचा गरेकी छु । त्यसैबाट आफूलाई सन्तुष्टी मिल्ने गरेको छ । स्वास्थ्य संस्था, परियोजना र आफ्नै परिवारबाट समेत निरन्तर सहयोग पाइरहेकी छु । यसले आफैलाई थप आत्मबल बढेको महशुश भएको छ ।

स्वयमंसेवाले जीवन अर्थपूर्ण बनाएको छ

महिला स्वास्थ्य स्वयम् सेविका, मेरो नाम भगवती थापा हो । रामेछाप जिल्लाको खिम्ती गाविस वडा नं ४ मा वस्छु । स्वयमसेवक भएर काम गर्न थालेपछि मैले जीवन पाएको सार्थक ठानेकी छु । यस जन्ममा पाएको मानव जीवनलाई सुन्दर बनाउन मलाई यसै पेशाले साथ दिएको महसुस गरेकी छु ।

शुरु शुरुमा आफ्नो पेशा प्रतिको चासो कम थियो। स्वास्थ्य संस्थाले बोलाएको समयमा र राष्ट्रिय कार्यक्रम परेको बेलामा मात्रै काम गर्ने र गोष्ठीमा जाने आदि गर्थें । अन्य कुराहरुमा खासै चासो थिएन । आधारभुत तालिमले केहि ज्ञान पाएपछि केहि गर्नु पर्छ भन्ने त लागेको थियो तर समूहमा गएर बोल्ने हिम्मत नै आउदैन थियो ।

यसै क्रममा ग्रामिण स्वास्थ्य विकास परियोजनाबाट म लगायत हाम्रो गाविसका सबै जना स्वयम्सेविकाहरुलाई जीवन सुरक्षा तालिम प्रदान गऱ्यो । सो तालिमबाट पाएको ज्ञानले मेरो समुदायका आमाहरुको जीवन सुरक्षाका निम्ति मेरो काम कति धेरै महत्वपूर्ण रहेछ भन्ने महशुस भयो । जतिधेरै सोचें त्यति नै धेरै मनमनै उत्साहितरुभएँ । यसले मलाई आफ्नो सेवामा लागि रहन झनै उत्प्रेरित गऱ्यो ।

आमाहरुको जीवन सुरक्षा तथा आफू जस्तै महिला दिदी बहिनीहरुको हकहितको लागि सक्रिय र सर्मपित भएर लाग्न थालेपछि विभिन संघसंस्थाहरुले पनि मलाइ नै जिम्मेवारी सुम्पिन थाले । म अहिले स्वस्थ्य संस्था व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समिति, आमा समुह सञ्जाल आदिमा आवद्ध भएर सामाजिक सेवामा लागेकी छु । आमा दिदी वहिनीहरुको सहयोगमा गाविसले महिलालाई छुट्याइएको वजेटवाट स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने र उनको कुरुवालाई ३ छाक खानाको व्यवस्था गर्न सकेका छौं । यसरी सामाजिक काममा दत्तचित्त भइ लाग्न पाउँदा मलाई मेरो जीवन अर्थपूर्ण भएको अनुभव भएको छ ।

सुरक्षित मातृत्वका लागि संवाहक बन्दैछ आमा समूह सञ्जाल

आमा समूहहरुको सक्रियता र निरन्तरताका लागि बनेका आमा समूह सञ्जालले रामेछाप र ओखलढुंगा जिल्लाका गाउँघरमा स्वास्थ्य स्थिति सुधारका लागि उल्लेखनीय योगदान पुऱ्याएको छ । आपसी सिकाइका माध्यमबाट एउटा आमा समूहले प्राप्त गरेका उपलब्धीहरुलाई अन्य आमा समूहहरुले पनि सजिलै सिकून र त्यस्ता सिकाइहरुका माध्यमबाट समुदायको विशेष गरेर महिलाहरुको प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता हुन सकोस् भन्ने प्रमुख उद्धेश्यका साथ स्थापना गरिएका यी आमा समूह सञ्जालहरुले आफ्नो उद्धेश्यका साथसाथै महिला सशक्तिकरणका लागि उल्लेखनीय गतिविधिहरु समेत सञ्चालन गर्दै आएका छ । यसका अतिरिक्त घरेलु हिंसा, मदिरा तथा जुवातास जस्ता सामाजिक रोगहरुको नियन्त्रण तथा व्यवस्थापनका लागि पनि आमा समूह सञ्जालहरुले महत्वपूर्ण भूमिका निभाउँदै आइरहेका छन् । ग्रामीण स्वास्थ्य विकास परियोजनाको छैटौं चरणको कार्यक्रममा स्थानीय स्तरमा रहेका आमा समूहहरुलाई सञ्जालमा आवद्ध गराइ स्वास्थ्य कार्यक्रम तथा महिला सशक्तिकरणलाई थप प्रभावकारी बनाउने उद्धेश्य अन्तरगत २०६३ साल देखि दोलखा, रामेछाप र ओखलढुंगाका विभिन्न गाविसहरुमा आमा समूह सञ्जालहरु गठन गरिएको हो । स्थापनाकालदेखि नै आमा समूह सञ्जालहरु स्थानीय स्तरमा स्वास्थ्य क्षेत्रको भरपर्दो समुदायमा आधारित संस्थाका रुपमा चिनिन सफल भएका छन् । गाविस र इलाका स्तर हुँदै हाल ओखलढुंगा र रामेछाप दुवै जिल्लामा जिल्ला स्तरमा समेत आमा समूह सञ्जाल बनिसकेको छ। आमा समूह सञ्जालले यी दुवै जिल्लामा गरेका केहि महत्वपूर्ण कामहरुका बारेमा यहाँ चर्चा गरिएको छ ।

आमाहरूका सारथी आमा समूह सञ्जाल

सुरक्षित मातृत्व प्रवर्धन गर्ने आफ्नो प्रमुख लक्ष्य हाँसिल गर्नका लागि रामेछाप र ओखलढुंगा जिल्लाका आमा समूह सञ्जालहरुले विभिन्न क्रियाकलापहरु गर्दै आइरहेका छन् । समुदायमा चेतना फैलाउने देखि लिएर स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवालाई प्रभावकारी बनाउनका लागि स्वास्थ्यकर्मि र भवनको व्यवस्था गर्ने कार्यमा समेत उनीहरुले आफूलाई सक्रिय रुपमा उभ्याएका छन् । आमा समूहहरुले आफैले शुरु गरेको कोशेली भेट कार्यक्रम प्रायः सबै गाविसका सञ्जालहरुले गर्ने गरेकाछन् । सुरक्षित मातृत्वका लागि प्रत्येक गर्भवतीलाई प्रेरित गर्ने उद्धेश्यले कम्तिमा चारपटक गर्भजाँच गर्ने र सुरक्षित रुपमा स्वास्थ्य संस्थामा गई प्रसूती भई सुत्केरी स्याहार समेत गर्ने महिलालाई आमा समूह सञ्जालका सदस्यहरुले आफ्नै घरगाउँमा उपलब्ध हुने चामल, दाल, घिउ लगायतका सामाग्रिहरुका साथ कोशेली भेट गर्ने गरेका छन् । ओखलढुंगाको पोकली, माधवपुर, रामेछापको पुरानागाउँ, भीरपानी लगायतका गाविसहरुमा सञ्जालका तर्फबाट स्वास्थ्य संस्थामा सुत्केरी हुने महिला र नवशिशुलाई लुगा तथा केहि नगद समेत दिने गरिएको छ । कोशेली भेट कार्यक्रमलाई निरन्तरता दिनका लागि आमा समूह सञ्जालले गाविसबाट रकम माग गर्नुका साथै देउसी भैलो तथा आपसी चन्दा जस्ता कार्यक्रमहरु समेत सञ्चालन गरेका छन् । यसरी कोशेली भेट गर्दा आमाहरुका बीचमा थप मायाँ बढ्ने र आफूहरुलाई आत्मसन्तुष्टी समेत हुने उनीहरुको अनुभव छ । यसै सन्दर्भमा मन्थली नगरोन्मुख गाविसका आमा समूह सञ्जालका अध्यक्ष कोपिला घिमिरे गाउँघरमा कुनै महिला सुत्केरी भएपछि हर्लिक्स र सुत्केरीले अनिवार्य खानुपर्ने खानेकुराहरु लिएर भेट्न जाँदाको खुशीको क्षण अतुलनिय हुने गरेको बताउनुहुन्छ ।

समुदायमा चेतना फैलाउनुका साथै स्वास्थ्य संस्थाको सेवालाई प्रभावकारी बनाउने काममा समेत सञ्जालको सक्रियता उत्तिकै प्रंशसनीय छ । ओखलढुंगाको टारकेरावारी, पोकली तथा रामेछापको नागदह लगायतका गाविसहरुमा सञ्जालले महिलाहरुको लागि छुट्याइएको बजेटबाट स्थानीय स्तरमा अनमी लगायतका कर्मचारीहरु राख्ने व्यवस्था मिलाएका छन् भने ओखलढुंगाकै पोकली, खिजीकाती, श्रीचौर, जन्तरखानी लगायतका गाविसहरुमा स्वास्थ्य संस्थामा प्रसूती केन्द्र निर्माण गर्नका लागि आवश्यक थप कोठा तथा सालनाल राख्ने खाल्डो (प्लासेन्टा पीट)को समेत व्यवस्था गरेका छन् । “गाविसको बजेटबाट स्वास्थ्य संस्थामा थप अनमी राखि २४ घण्टे सुत्केरी सेवा सञ्चालन गर्ने क्रममा छौं”, नागदह आमा समूह सञ्जालकी अध्यक्ष सावित्री थापा मगरले आफ्नो योजना यसरी सुनाउनु भयो ।

यी क्रियाकलापहरुका अतिरिक्त गर्भवतीको घरमा गइ सुरक्षित मातृत्वका बारेमा बताउने, उनीहरुको घरमा हरियो झण्डा राखि समुदायका सबै गर्भवती महिलालाई आवश्यक हेरचाह गर्नका लागि अनुरोध गर्ने कार्यमा समेत आमा समूह सञ्जालको उत्तिकै सक्रियता देखिएको छ ।

आमा समूह सञ्जालका यी कार्यक्रमहरुले सुरक्षित मातृत्वमा उल्लेखनिय योगदान त पुगेको छ । ग्रामीण भेगका महिलाहरुको स्वास्थ्यको सुधारका लागि आमा समूह सञ्जालहरुको भूमिका महत्वपूर्ण रहेको रामेछापका जिल्ला स्वास्थ्य प्रमूख डा. अर्जुन सापकोटा समेत स्वीकार्नुहुन्छ ।

आमा समूहहरूलाई सक्रिय बनाउदै आमा समूह सञ्जाल

आमा समूहहरुलाई सक्रिय बनाउने क्रममा पनि आमा समूह सञ्जाल लागि परेको पाइएको छ । यसका लागि आमा समूह सञ्जालको नियमित बैठकमा छलफल गरि विभिन्न वडामा रहेका आमा समूहहरुका क्रियाकलापहरु नियमित अनुगमन गर्ने तथा उनीहरुलाई वैठक पुस्तिकामा उपस्थिति र निर्णयहरु लेख्न सिकाउने कामहरुमा सञ्जालले सहयोग

गरेका छन् । स्वास्थ्यकर्मि तथा ग्रामीण स्वास्थ्य विकास परियोजनाका सहजकर्ताहरुसँग मिलेर आमा समूहलाई सक्रिय बनाउनका लागि योजना बनाउने, स्वास्थ्य संदेश दिने लगायतका क्रियाकलापहरुमा दुवै जिल्लाका प्राय: सवै आमा समूह सञ्जालहरु सक्रिय देखिन्छन् । फलस्वरुप आमा समूहहरुको वैठक नियमित रुपमा वस्ने गरेको र ती वैठकहरुमा स्वास्थ्यका बारेमा छलफल हुने गरेको पाइएको छ । यसले गर्दा अन्ततः सुरक्षित मातृत्वलाई नै प्रवर्धन गर्न सहयोग पुगेको छ । आमा समूहहरुको वैठकमा, टोलटोलमा महिला स्वास्थ्य स्वंयसेविका र सञ्जालका प्रतिनिधिहरुले यस प्रकारका स्वास्थ्य शिक्षा लगायत चेतनामूलक छलफल चलाउने गरेकाले समूह तथा समुदायका महिलाहरु पहिलेको भन्दा धेरै जागरुक भएको र स्वास्थ्य सेवा लिनेहरुको संख्यामा समेत उल्लेख्य वृद्धि भएको रामेछाप स्थित पुरानागाउँ स्वास्थ्य चौकीका इन्चार्ज राजकुमार आरणको अनुभव छ ।

सामाजिक बिकृतिका बिरुद्ध आमा समूह सञ्जाल

समाज स्वास्थ्य रहनका लागि मान्छे शारिरिक रुपमा मात्रै होइन सामाजिक र मानसिक रुपमा समेत स्वस्थ्य रहनु पर्छ भन्ने थाहा पाएका आमा समूह सञ्जालका सदस्यहरुले जाँडरक्सी, जुवातास तथा महिला हिंसा लगायतका सामाजिक विकृति विसंगतीहरुका विरुद्ध समेत आफूलाई सशक्त रुपमा प्रस्तुत गरेका छन् । ओखलढुंगाको गाम्नाडटार गाविसका आमा समूह सञ्जालका सदस्यहरुले मदिरा नियन्त्रणका लागि स्थानीय राजनैतिक दल, इलाका प्रहरी चौकी तथा अन्य संघसंस्थाहरुसँग सहकार्य गर्नुका साथै जिल्ला प्रहरी कार्यालयसम्म पुगेर निवेदन दिएका छन् । हाल गाउंलाई मदिरा निषेधित क्षेत्र घोषित गरिएको छ । मदिरा नियन्त्रण कार्य अत्यन्तै चुनौती पूर्ण र आफूलाई व्यक्तिगत रुपमा पनि खतरा हुन सक्ने जान्दाजान्दै पनि रक्सी पिएर मारपिट गर्ने र यसले अन्ततः महिलाहरुलाई अत्यन्तै तनाव दिने भएकोले जतिसुकै चुनौतीपूर्ण भएपनि आफू यस अभियानबाट कहिल्यै नथाक्ने आमा समूह सञ्जालका अध्यक्ष देवी लुईंटेल बताउनु हुन्छ ।

उता ओखलढुंगाकै कटुञ्जे गाविसका आमा समूह सञ्जालका सदस्यहरुले घरेलु हिंसालाई न्यूनिकरण गर्ने नयाँ उपाय सुझाएका छन् । स्वास्थ्य दिवसको अवसर पारेर उनीहरुले घरेलुहिंसा नगरेका परिवारलाई सम्मान गर्ने गरेका छन् ।यस्ता कार्यक्रमहरुले गाउँघरमा हुने गरेका घरेलु हिंसाका घटनाहरुमा निकै कमि आउन थालेको सञ्जालका मुना श्रेष्ठको अनुभव छ । त्यसरी नै च्यानममा आमा समूह सञ्जालले छब्बीस वटा घरेलु हिंशाका मुद्धाहरु समुदायमा नै मिलाएको सञ्जालका सरस्वती कटुवालले बताउनु भयो ।

यता रामेछापमा समेत आमा समूह सञ्जालको सक्रियतामा घरेलु हिंसा तथा मदिरा सेवनलाई नियन्त्रण गर्न थुर्पै प्रयासहरु थालिएका छन। मदिराका कारण गाउँमा महिला हिंसा बढ्न थाले पछि आमा समूह सञ्जालको सक्रियतामा वाम्ती भण्डार गाविसमा समुदायको समेत सहमतीमा मदिरा बेचबिखन गर्ने र पिउने दुवैथरिलाई क्रमशः दुई र एक हजार रुपैंया जरिबाना गर्ने निर्णय गरिएको छ । यसपछि यस्ता घटनाहरुमा निकै कमि आएको आमा समूह सञ्जालका लक्ष्मी बस्नेतले बताउनु भयो ।

यसरी आमा समूह सञ्जालको सक्रियतामा स्वास्थ्य सँग सम्बन्धित विभिन्न क्रियाकलापहरु सञ्चालन गरिएको छ । यसका अतिरिक्त गाविस लगायत घरेलु कार्यालयसँग समन्वय गरि चाउचाउ बनाउने, कटाइसिलाइ, मैनबत्ती बनाउने जस्ता आय आर्जनका क्रियाकलापहरु समेत आमा समूह सञ्जालले सञ्चालन गरेका छन् । यसप्रकार आफै स्रोतसाधनको खोजि गरि स्वास्थ्य लगायत अन्य सामाजिक विकासका क्षेत्रहरुमा समेत आमा समूह सञ्जालले महत्वपूर्ण भूमिका खेलेको छ । उनीहरुका गतिविधिहरुले आमा समूह सञ्जाललाई समुदाय स्तरमा भरपर्दो संस्थाका रुपमा लिइन थालिएको छ । आफ्नो आत्मविश्वास बढेको र साथ पाएमा अझै अघि बढ्ने प्रण गर्दै ओखलढुंगाका नवगठित आमा समूह जिल्ला सञ्जालका अध्यक्ष कान्ती राजभण्डारीले भन्नु भयो, “आरएचडीपी गएपछि पनि हामी यसका उपलब्धीहरुलाई बचाइ राख्न लागि पर्नेछौं ।”

पुरानागाउँका आमाहरुको नयाँ काम

रामेछापको पुरानागाउँ गा.वि.स.मा मिति २०६६ जेठमा १६ वटा आमा समुहहरुको भेला गरी सबै समूहको प्रतिनिधित्व हुने गरी थानापति आमा समूह संजाल गठन गरियो । गठन भए लगत्तै यस आमा समूह सञ्जाल सुरक्षित मातृत्व प्रवर्द्दनका विभिन्न क्रियाकलापहरुमा सक्रिय रहि आएको छ । महिना महिनामा नियमित बैठक वस्ने, आमा समूहहरुको बैठकमा गएर स्वास्थ्य शिक्षा तथा घरेलु हिंसाका सम्बन्धमा छलफल चलाउने, आमा समूहहरुको अनुगमन गरि उनीहरुलाई सक्रिय बनाउने, महिला स्वास्थ्य स्वयं सेविकासँग मिलेर गर्भवती जाँच र सुत्केरी गराउन स्वास्थ्य संस्थामा लैजाने, स्वाथ्य दिवस मनाउने आदि कार्यमार्फत स्वास्थ्य सम्बन्धि चेतना फैलाउने काममा उनीहरु सक्रिय रहेका छन् । त्यसरी नै गाविस परिषदको बैठकमा सक्रियताका साथ भाग लिई गाविसबाट रकम छुट्याउन समेत सफल भएका छन् । गतवर्षमात्रै उनीहरुले गाविसबाट रु. १ लाख ३५ हजार प्राप्त गर्न सफल भए । त्यसरी नै आमा समूहहरुसँग मिलि देउसी भैलो खेलेर रु. ८ हजार रुपैंया सञ्जालको कोषमा जूटाएका छन् । यसरी प्राप्त रकम सुरक्षित मातृत्व तथा संगठानत्मक विकासमा समेत खर्च गरिएको छ । गएको वर्ष मात्रै सञ्जालको तर्फबाट स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने ४६ जना महिलालाई साडी प्रदान गरिएको छ । त्यस्तै दुई घण्टा टाढा देखि सुत्केरी हुन आउनेलाई रु ५००/- दिने व्यवस्था सञ्जालले मिलाएको छ ।

सञ्जालका यस्ता क्रियाकलापका माध्यमबाट महिला स्वास्थ्य स्वयं सेविका र आमा समूहको सक्रियता बढ्नुको साथै गर्भवती आमा र बच्चाको सुरक्षाको लागि गर्भ जाँच र सुत्केरी हुनको लागि स्वास्थ्य संस्थामा आउने क्रम बढेको छ । ईलाका स्वास्थ्य चौकीका निमित्त इन्चार्ज राज कुमार आरन भन्नुहुन्छ “आमा समूह सञ्जालको सहयोग र प्रचारप्रसारले गर्दा यस गाविस तथा अन्य छिमेकी गाविसबाट पनि स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्या बढेको छ । माइतैमा बसेर भए पनि यस स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रचलन बढेको छ ।”

आफूहरुको प्रयास सार्थक भएकोमा खुशी हुँदै आमा समूह संजालका हिरा गिरी भन्नु हुन्छ “ग्रामीण स्वास्थ्य विकास परियोजना र पुरानागाउँ स्वास्थ्य चौकीको सहयोग बाट नै महिलाहरुको बजेटलाई लिन सफल भई सुरक्षित मातृत्वको क्षेत्रमा र महिलाको आयआर्जन गर्ने क्षेत्रमा कार्यक्रम संचालन गर्न सफल भईयो ।” यसरी नै सक्रियताका साथ आगामी दिनमा समेत सुरक्षित मातृत्वको प्रबर्धन गर्न लागि पर्ने, तथा अन्य संघसंस्थाहरुसँग पनि समन्वय र सहयोगका हातहरु बढाउने पुरानागाउँ आमा समूह सञ्जालको भावी योजना रहेको छ ।

सुरक्षित मातृत्वका लागि अक्षय कोष

आफ्नो गाउँको स्वास्थ्य संस्थालाई व्यवस्थित गरि सो संस्थाले दिने सेवालाई प्रभावकारी बनाउनका लागि ओखलढुंगाको रामपुर स्थित वरुणेश्वर इलाका स्वास्थ्य चौकी व्यवस्थापन समितिले राम्रा राम्रा योजनाहरु बनाएको छ । तिनै योजनाहरु मध्ये एक हो सुरक्षित मातृत्व अक्षय कोष । स्वास्थ्य चौकीमा चौविसै घण्टा दक्ष प्रसूतीकर्मिबाट प्रसूती गराउनका लागि एकजना अनमीको व्यवस्था गने उदेश्यले स्वास्थ्य संस्था व्यवस्थापन समितिका तर्फबाट सुरक्षित मातृत्व अक्षय कोषको स्थापना गरिएको हो । रु. दश लाखसम्म जम्मा गर्ने लक्ष्य राखिएको सो अक्षय कोषमा हालसम्ममा रु. दुईलाख भन्दा बढि रकम जम्मा भइसकेको छ । चौविसै घण्टा स्वास्थ्य संस्थामा प्रसुती सेवा उपलब्ध गराउनका लागि स्थानीय स्तरमा अनमीको व्यवस्था गरि यस कोषबाट आउने व्याजबाट उनको तलव व्यहोरिने छ ।

तर यो सृजनात्मक काम त्यसै सुझेको होइन । स्वास्थ्य चौकीका प्रमुख वृहस्पती राम सम्झिन्छन्, उनलाई आफूले काम गर्ने संस्थालाई कसरी राम्रो बनाउने भन्ने लागि रहन्थ्यो रे। त्यसै क्रममा ग्रामीण स्वास्थ्य विकास परियोजनाले सञ्चालन गरेको प्रशंसामूलक खोज सम्बन्धी तालिम लिए पछि त झनै केहि न केहि गरौं भन्ने लागेछ । यसै क्रममा स्वास्थ्य संस्था व्यवस्थापन समितिको लागि पनि सोहि प्रकारको तालिम दिने बेलामा कुनै नयाँ उपायहरु सोच्दै जाँदा झट्ट उनको मनमा आयो सुरक्षितमातृत्व अक्षय कोष । आफ्नो मनमा आएको सो उपाय उनले व्यवस्थापन समिति समक्ष प्रस्ताव पनि गरे । इलाका स्तरको स्वास्थ्य संस्था व्यवस्थापन गर्ने जिम्मेवारी पाएका व्यवस्थापन समितिका सदस्यहरुले पनि त्यसलाई तुरुन्तै सकारे र यसरी शुरु भयो बरनेश्वरमा अक्षय कोषको अभियान । यस अभियान अन्तरगत रु. १००० भन्दा बढि चन्दा दिने दाताको कदर स्वरुप उक्त व्यक्तिको नाम स्वास्थ्य चौकीको भित्तामा लेखिने व्यवस्था समेत गरिएको छ ।

यसका अतिरिक्त व्यवस्थापन समितिले स्वास्थ्य संस्थाको नाममा रहेको जमीन समेत भाडामा लगाइ स्वास्थ्य संस्थालाई आर्थिक रुपमा बलियो बनाउने काम गरेको छ । स्वास्थ्य संस्था व्यवथापन समितिले सञ्चालन गरेका यस्ता सृजनशिल कामहरुका कारण यस संस्थामा सुरक्षित मातृत्व सम्बन्धी सेवा लिनेहरुको संख्यामा समेत उल्लेख्य वृद्धि भएको छ । आर्थिक वर्ष ०६५। ०६६ मा एकै जना पनि प्रसुती हुन नआएकोमा गएको वर्ष चालिस जना भन्दा बढिले प्रसूती सेवा लिएका छन् । स्वास्थ्य चौकी प्रमुख श्री बृहस्पति रामका अनुसार यस आसपासका गाविसहरबाट समेत सुत्केरी हुनका लागि यस संस्थामा आउने चलन नै बसिसकेको छ ।

सृजनात्मक सोच र अथक प्रयासबाट नै आफ्नो गाउँको स्वास्थ्य संस्थालाई आफैले राम्रो बनाउन सकिन्छ भन्ने उदाहरण यस स्वास्थ्य चौकी व्यवस्थापन समितिले प्रस्तुत गरेको छ ।

आफ्नै आँखाले कोशेली भेट देखेपछि

'कोशेली भेट' शब्द सुन्नमा जति मीठो सुनिन्छ, त्यो त्यत्तिकै सुन्दर पनि छ । परियोजनामा प्रवेश हुँदा कोशेली भेट विषयमा धेरै छलफल हुने गर्थ्यो । परियोजनामा कोशेली भेटलाई सुरक्षित मातृत्व प्रवर्द्धन गर्ने महत्वपूर्ण कार्यको रुपमा लिइएको रहेछ । त्यसैले म आफू पनि आफ्नो कार्यक्षेत्रका स्वास्थ्य सम्बन्धी सरोकारवालाहरु जस्तै आमा समूह, आमा समूह सञ्जाल, आदिमा कोशेली भेटका बारेमा जानकारी गराउँथे । तर म आफैले काम गरेको दुईवर्ष वितिसक्दा पनि कोशेली भेट गरेको प्रत्यक्ष हेर्ने मौका भने मिलेको थिएन । कामको शिलशिलामा ओखलढुंगाको दक्षिणी गाउँ माधवपुर जानु पर्ने भयो । भोलीको कार्यक्रम सञ्चालन गर्नका लागि अघिल्लो दिननै जाने निर्णय गरी माधवपुर पुगें । त्यहाँ कार्यरत माशिका सरीता कार्कीले दिनको २:०० बजे एउटा गाउँमा कोशेली भेट कार्यक्रम छ भन्ने जानकारी गराउनु भयो । उहाँले सुत्केरी आमालाई मासु, पुवा र बच्चालाई कपडा आदि कोशेली बनाइ भेट्न जाने तयारी गर्दै हुनु हुन्थ्यो । डेढ घण्टा गाडिमा र पौने घण्टा पैदल यात्रा गरेपछि बल्लबल्ल माधवपुर पुगेकी मलाइ वेसरी थकाइ लागेको थियो, तर पनि कोशेली भेट हेर्ने उत्कठ चाहनाका कारण सबै थकाइ कता हरायो कता । मैले पनि तुरुन्तै जाने निर्णय गरि माशिकासँगै बाटो लागें ।

घर नजिकै पुग्न लाग्दा गीतको धुन सुनिन थाल्यो । कसको घरमा हो भनि जान्न इच्छा लाग्यो, तर हाम्रो पाइला पनि त्यसै घर तर्फ लम्किरहेको रहेछ । त्यहाँ पुगे पछि थाहा भयो, कोशेली भेट गर्न आएका आमा समूह र सञ्जालका सदस्यहरु गीतमा रमाउँदै नाचेर खुशियाली मनाउँदै हुनुहुँदो रहेछ । हामी पुगेको केहिबेरमा नै सबै आमाहरु जम्मा भई कोशेली भेट गर्न थाल्नु भयो । कोशेलीमा आमा समूह र आमा समूह सञ्जालकातर्फबाट सुत्केरी आमा र नवशिशुका लागि ल्याइएको लत्ताकपडा थियो । साथै घरगाउँमा उव्जाएका केरा, मेवा, कटहर, साग, सिमी, चामल, दुध, दालका साथै प्याकेटको नुन पनि थियो । सुत्केरी आमा र नवशिशुलाई नयाँ लुगा पहिराइ दिएपछि कोशेली भेट गर्न आएका सबै आमाहरुले आफ्नो कोशेली सहित बधाइ दिँदै बच्चाको हातमा पैसा राखी बच्चाको मुख हेर्न थाले । सबै आमाहरुले कोशेली दिई सकेपछि वडाका महिला स्वयंसेविकाले पोषण, सुत्केरी तथा नवशिशु स्याहार, जन्मान्तर तथा बच्चालाई खोप लगाउने बारेमा घरपरिवारलाई राखि स्वास्थ्य शिक्षा दिनु भयो ।

बल्ल थाहा भयो कोशेली भेट त यसरी पो गरिँदो रहेछ । आमा समूह सजालका अध्यक्ष देवकी राईले हालसम्म २६ जना आमाहरुलाई यस्तो कोशेली भेट गरिसकिएको जानकारी गराउनु भयो । यस्तो प्रकारको कार्यले गर्भजाँचका लागि स्वास्थ्य संस्थामा जाने तथा दक्ष स्वास्थ्यकर्मिबाट प्रसूती गराउने गर्भवती महिलाहरुको संख्यामा उल्लेख्य रुपमा वृद्धि भएको रहेछ माधवपुरमा । यसरी सञ्चालन गरिने कोशेली भेट कार्यक्रमका लागि आमा समूह सञ्जालले देउसी भैलो कार्यक्रमबाट रु ९००० संकलन गरेको रहेछ । त्यस्तै गाविसबाट महिलाको शिर्षकमा आउने बजेटमध्येबाट रु. ३०,००० छुट्याएको रहेछ ।

आफू जस्तै महिलाहरुले आमा बन्ने क्रममा कुनै दु:ख व्यहोर्न नपरोस् भन्ने पवित्र भावना राखेर सञ्चालन गरिएको कोशेली भेटले ओखलढुंगा जिल्लाका सबै गाविसहरुमा व्यापकता पाएको छ । सहजकर्ताका रुपमा दिदीवहिनीहरुसँग यस्तो काममा हातमाहात मिलाउन पाउँदा आफूलाई पनि अत्यन्तै गर्व महशुश हुँदो रहेछ ।

प्रस्तुती : सुनिता घले, सामुदायिक स्वास्थ्य सहजकर्ता

समितिले गरे स्वास्थ्य कर्मिलाई उपदानकोषको व्यवस्था

रामेछापको देउराली उपस्वास्थ्य चौकीमा २०६७ साल श्रवण १ गते देखि २४ घण्टे प्रसूती सेवा सञ्चालन गर्न गाविसको श्रोतमा नियुक्त गरिएका अ.न.मी. हरुले देउराली लगायत आसपासका जनतालाई गुणस्तरीय प्रसूतीसेवा दिइ उल्लेखनीय योगदान गरिरहेका छन् । उनीहरुको मनोबल बढाउनकालागि स्वास्थ्य व्यवस्थापन समितिलका तर्फबाट उपदानकोषको व्यवस्था गरिएको छ । त्यस्तै नेपाल सरकारले सरकारी कर्मचारीहरुलाई पोशाकको ब्यबस्था गरे जस्तै उनीहरुलाई पनि पोशाकको ब्यबस्था गरिएको समितिका अध्यक्ष एकेन्द्रवहादुर रानाले बताउनु भयो। "कर्मचारीलाई खुशी पार्नु हाम्रो पनि कर्तव्य हो" अध्यक्ष रानाले थप्नु भयो ।उक्त कोषमा अ.न.मी.हरुले आफनो व्यक्तिगत खाता खोली समितिमा जानकारी गराएपछि समितिले हरेक महिना थप रु एक हजार प्रदान गर्छ । यस्तो कार्यक्रमले अ.न.मी हरुको मनोबल बढाएको भन्दै अन्य स्वास्थ्य चौकीहरुले समेत यसलाई अनुसरण गर्न सक्ने उपस्वास्थ्य चौकी प्रमुख रामशरण पौडेल बताउनु हुन्छ ।

देउराली उप-स्वास्थ्य चौकीले पायो निकसाईमन अवार्ड

रामेछाप जिल्ला स्थित देउराली उपस्वास्थ्य चौकीले निकसाइमन पुरस्कार पाउन सफल भएको छ । यो उपस्वास्थ्य चौकीले चौविसै घण्टा प्रसूती सेवा लगायत अन्य स्वास्थ्य सेवाहरु उत्कृष्ट रुपमा प्रदान गरेवापत उक्त पुरस्कार प्राप्त गरेको हो ।

यहाँ २०६७ साउन १ गते देखि चौविस घण्टे प्रसूती सेवा शुरु गरिएको हो । तर यो सेवा सञ्चालन त्यति सजिलै भने भएको होइन । स्वास्थ्य संस्थाका प्रमुख रामशरण पौड्याल लगायत स्वास्थ्य संस्था व्यवस्थापन समिति र समुदायको संयुक्त प्रयासमा यो सेवा सञ्चालनमा आएको हो । जिल्लाकै ठूलो गाविसहरुमध्येमा पर्ने देउराली गाविसमा प्रसूती सेवा उपलब्ध नहुँदा धेरै महिलाहरुले अकालमा ज्यान गुमाउनु पर्थ्यो । यहि तथ्यलाई मध्यनजर गर्दै संस्थाका प्रमुख पौड्यालको नेतृत्वमा आवश्यक पुर्वाधारहरु जुटाउन थालियो । होस्टेमा हैसे गर्दै व्यवस्थापन समिति लगायत समुदायले पनि प्रसूती सेवा सञ्चालनका लागि महत्पपूर्ण सहयोग गऱ्यो । सहयोगका लागि सवैले आआफ्नो हिसावले हात फैलाए । नभन्दै यस्तो राम्रो कार्यका लागि सहयोग गर्न दाताहरु तयार भए । गरिवी निवारण कोषले भवन निमार्णमा सहयोग गऱ्यो । त्यसैगरि ग्रामीण स्वास्थ्य विकास परियोजनाले खानेपानी, शौचालय, आवश्यक फर्निचर, सोलार तथा उपकरणहरु र अनमीलाई दक्षप्रसूतीकर्मि तालिम उपलव्ध गरायो । जिल्ला स्वास्थ्य कार्यालयले सुचिकृत गर्न सिफारिस गऱ्यो र अन्ततः चौविस घण्टे प्रसूती सेवा शुरु भयो । यी सवै क्रियाकलापहरुका लागि देउराली उपस्वास्थ्य चौकीले प्रशिद्ध निकसाइमन पुरस्कार प्राप्त गरेको हो । यसका अतिरिक्त जिल्ला स्वास्थ्य कार्यालय रामेछापले प्रसंसापत्र तथा जिल्लाको १६ औ जिल्ला परिषद्ले समेत उक्त देउराली उप-स्वास्थ्य चौकीका इन्चार्ज रामशरण पौड्याललाई नगद र सम्मान पत्र सहित पुरस्कृत गरेको छ । पुरस्कार पाएकोमा खुशी व्यक्त गर्दै पौड्याल भन्नुहुन्छ, "परिश्रमको फल मिठो हुन्छ भन्ने यथार्थता मैले मेरो जीवनमा पाएको छु । लगनशिलता र जिम्मेवारीपूर्वक संस्थागत विकासका लागि गरेका कार्यहरु नै आज मेरो सफलताका कारण वनेका छन् ।" वहाँहरुको सफलताका लागि हाम्रो पनि हार्दिक वधाई ।

पाउनेको नाम र ठेगाना :... ... ...

... ...

... ...

हाम्रो भन्नु

ग्रामीण स्वास्थ्य विकास परियोजनाले प्राप्त गरेका अनुवहरुको संगालोको चालिसौं अंक लिएर आउन पाउँदा हामीलाई अत्यन्तै खुशी लागेको छ । हुनत यस पटक हामी अलिक ढिलो गरेर आयौं, तर केहि ठूलो आकारमा अझ धेरै कोशेलीहरु लिएर आएका छौं ।

ग्रामीण स्वास्थ्य विकास परियोजना नेपाल सरकार र स्वीस सरकारद्वारा सञ्चालित दुई पक्षीय परियोजना हो ।दोलखाबाट काम थालनी गरेको यो परियोजना अहिले रामेछाप र ओखलढुंगामा सञ्चालित छ । समुदायसँग उनीहरुका स्वास्थ्य सम्बन्धी समस्याहरुका बारेमा छलफल गरि समाधानका उपायहरु पनि उनीहरुबाटै पत्ता लगाउने क्रममा निकै राम्रा राम्रा अनुभवहरु प्राप्त भएका छन् । ती मध्ये यस पटक हामीले आमा समूह सञ्जालका बारेमा विस्तृत रुपमा चर्चा गरेका छौं । सुरक्षित मातृत्वका क्षेत्रमा भए गरेका राम्रा गतिविधिहरुलाई पनि हामीले पस्केका छौं। यी उपलब्धीहरु प्राप्त गर्नका लागि परियोजनाका कर्मचारी लगायत स्वास्थ्यकर्मी तथा समुदायको उल्लेखनीय योगदान रहेको छ । यो वुलेटिन तिनै सत्प्रयासहरुकोलागि सम्मानको अभिव्यक्ति पनि हो । हामीले प्राप्त गरेका यी उपलब्धी तथा सिकेका राम्रा कुराहरुले यहाँहरुलाई पनि अभिप्रेरित गऱ्यो भने हामीहरुले आफूलाई सफल भएको ठान्ने छौं ।

सुझाव र प्रतिक्रियाको लागि

ग्रामीण स्वास्थ्य विकास परियोजना
एकान्तकुना, ललितपुर
फोन नं. ०१ ५५२२०२०, ०१ ५५२१४२८
फ्याक्स ०१ ५२९३०५
इमेल : rhdp@ktmlo.wlink.com.np

मन्थली, रामेछाप
फोन नं. ०४८ ५४०००४
इमेल:rhdp@ntc.net.np

ओखलढुंगा वजार, ओखलढुंगा
फोन नं. ०३७ ५२०२७९
इमेल: rhdpokh@gmail.com